# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २५६ | बुटवल | २०८३ असोज १५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday October 01, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## राष्ट्रिय मसला उद्योग बन्द नगर्न उच्च अदालतको अन्तरिम आदेश



बुटवल । बुटवलमा सञ्चालित बुटवल रारा मसला उद्योग बन्द गराउने घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीको निर्णय कार्यान्वयन नगर्न उच्च अदालत तुलसीपुर, बुटवल इजलासले अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय मिलनकुमार राई र सानुमैया डंगोलको संयुक्त इजलासले असोज ८ गते जारी गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिँदै निवेदनको अन्तिम टुंगो नलागेसम्म उद्योग बन्द नगर्न आदेश दिएको हो।

बुटवल रारा मसला उद्योगका सञ्चालक दीपक भुसालले घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीसहितलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषण/परमादेशसम्बन्धी रिट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले यस्तो आदेश दिएको हो।

अदालतले उद्योगबाट वातावरणीय प्रदूषण भए-नभएको विषयमा अन्तिम विवेचना हुन बाँकी रहेको उल्लेख गरेको छ। घरेलु तथा साना उद्योग कार्यालयले असोज ५ गते उद्योग तत्काल बन्द गर्न दिएको पत्र कार्यान्वयन गर्दा कच्चा पदार्थ तथा उत्पादित वस्तुको व्यवस्थापनमा समस्या उत्पन्न हुने र एक्कासि उद्योग बन्द हुँदा कार्यरत कर्मचारी तथा उद्योग सञ्चालकको पेशा-व्यवसाय गर्न पाउने मौलिक हकमा समेत प्रत्यक्ष असर पुग्ने देखिएको अदालतको आदेशमा उल्लेख छ।

यही आधारमा 'सुविधा र सन्तुलन'लाई मध्यनजर गर्दै यसअघि जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको अदालतले जनाएको छ।

स्थानीय हरि शर्मा कार्कीलगायतले उद्योगबाट धुलो प्रदूषण तथा कम्पन भएको भन्दै बुटवल उपमहानगरपालिकाको न्यायिक समितिमा उजुरी दिएका थिए। त्यसपछि जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा समेत उजुरी परेपछि घरेलु तथा साना उद्योग कार्यालयले असोज ५ गते उद्योग बन्द गर्न निर्देशन दिएको थियो।

तर, उद्योग बन्द गर्नुअघि कुन कानुनी आधारमा, कुन मापदण्ड उल्लंघन भएको र त्यसबाट के-कस्तो वातावरणीय असर परेको हो भन्ने विषय स्पष्ट नगरी बन्दको निर्देशन दिइएको भन्दै उद्योग सञ्चालक अदालत पुगेका थिए।

यसैबिच, उद्योगलाई बन्द गराउन दबाब दिने गरी उपभोक्ता अधिकारकर्मीका नाममा भएका गतिविधि प्रति रुपन्देही उद्योग संघ, बुटवल उद्योग वाणिज्य संघ, उद्योग व्यापार संघ बुटवललगायतका संघसंस्थाले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै उद्योग सञ्चालनसँग सम्बन्धित संवेदनशील विषयमा तथ्य र प्राविधिक प्रमाणका आधारमा प्रक्रिया अघि बढाउन आग्रह गर्दै व्यवसायीलाई अनावश्यक रूपमा हतोत्साहित गर्ने गतिविधि रोक्न माग गरेका थिए।

विवादकै क्रममा उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष समुन्द्र जिसीले उद्योगमा पुगेर सम्बन्धित सरकारी निकायविना आफूले अनुगमन गर्न पाउनुपर्ने भन्दै उद्योगीसंग विवाद गरेको तथा मुद्दा फिर्ता लिन धम्कीपूर्ण अभिव्यक्ति दिएको प्रति पनि तीनवटा संस्थाहरुले आपत्ति जनाएका थिए। अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा सम्बन्धित निकायबाहेक अन्य पक्षबाट उद्योगीमाथि दबाब सिर्जना गर्ने वा स्थानीयलाई उत्तेजित बनाउने गतिविधि नगर्न उनीहरूले आग्रह गरेका थिए।

अदालतमा निवेदक उद्योग सञ्चालक दीपक भुसालका तर्फबाट वरिष्ठ अधिवक्ता कमलराज जोशी, राममणि भुजेल र अधिवक्ता गोविन्दप्रसाद मरासिनीले बहस गरेका थिए।

त्यसैगरी विपक्षी जिल्ला प्रशासन कार्यालयका तर्फबाट सहायक न्यायाधिवक्ता बसन्तराज पोखरेल, घरेलु तथा साना उद्योग कार्यालयका तर्फबाट उपन्यायाधिवक्ता ऋषिकेशव बस्याल तथा विपक्षी हरि कार्कीका तर्फबाट अधिवक्ताद्वय गोकर्णसिंह थापा र कृष्णप्रसाद पोखरेलले बहस पैरवी गरेका थिए।

अदालतको आदेशसँगै अब उद्योग तत्काल बन्द हुने अवस्था टरेको छ। उद्योगबाट वातावरणीय प्रदूषण भए-नभएको र सम्बन्धित निकायले गरेको निर्णय कानुनी तथा तथ्यगत रूपमा उचित थियो वा थिएन भन्ने विषय भने रिट निवेदनको अन्तिम सुनुवाइपछि टुंगो लाग्नेछ।

## पीच सडकचिरा परेपछि माथागढीको देवगिर बजार पहिरोको उच्च जोखिममा





**कृष्ण पोखरेल**

*पाल्पा*

लगातार चार दिनको अविरल वर्षाका कारण जमिन चिरा परेपछि पाल्पाको माथागढी गाउँपालिकाका वडा नं. ४ देवगिर ( खलिपोखरा) बजार पहिरोको उच्च जोखिमका परेको छ। बाँसटारी- झडेवा- दुम्कीबास बहुप्रदेश सडकअन्तर्गत माथागढी गाउँपालिका वडा नम्बर ४, देवगिर ( खलिपोखरा) बजारको बिच भागबाटै करिब २०० मिटर लामो धाँजा फाँटेको (चिरा) परेपछि सिङ्गो देवगिर बजार पहिरोको उच्च जोखिममा परेको हो। देवगिर बजारको विच सडकबाट फाटेको धाँजा १ ईन्चसम्म फराकिलो ५ फिट सम्म गहिराई, रहेको छ, स्थलगत अनुगमनमा खटिएका लुम्विनी प्रदेश सांसद खेमबहादुर सारुले बताए।

सडकको मध्यभागबाट धाँजा फाटेपछि देवगिर बजार र आसपासका करीव ३० घरपरिवार पूर्ण रुपमा प्रभावित भएका छन्। धाँजा फाटेको सडकको दक्षिणतर्फका घरपरिवार बढी प्रभावित बनेका छन्। धाँजा फाटेका कारण बालकृष्ण न्यौपाने, महेन्द्र केसी, केशरजंग श्रेष्ठ, अर्जुन श्रेष्ठलगायतका घरहरू चर्किएको छ भने सडक समेत तल दबिएको छ। सडक चिरा परेपछि वर्षातको सयममा स्थानीयवासीले प्लाष्टिक त्रिपाल तथा राखेर धाँजा फाटेको स्थानमा पानी पस्न बाट जोगाउने प्रयास गरेका थिए।

जमिन फाटेर बस्ती नै खतरामा परेपछि प्रदेश सांसद, गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी तथा प्राविधिक इञ्जिनियरहरूको टोलीले देवगिर क्षेत्रको स्थलगत अध्ययन तथा अवलोकन गरेको छ। संयुक्त अवलोकन पछि प्रदेश सांसद पुर्व स्वास्थ्यमन्त्री खेमबहादुर सारुले उक्त क्षेत्र अति जोखिमयुक्त रहेकाले भूगर्भविदहरुमार्फत् वैज्ञानिक अध्ययन गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले बताए।

भूगर्भविद्को अध्ययन प्रतिवेदन नआउन्जेलसम्मका लागि सो सडक खण्डमा ठुला सवारी साधन चलाउदा जोखिम बढ्ने भएकोले, ठुला तथा भारी सवारी साधन संचालन रोक लगाएको र साना तथा हलुका सवारी साधन मात्र सञ्चालन गर्न निर्णय गाउँपालिकाले गरेको पालिका अध्यक्ष यमबहादुर चिदीले बताए।

स्थलगत निरीक्षणमा पुगेका सडक पूर्वाधार विकास कार्यालय पाल्पाका इञ्जिनियर तेजप्रसाद अधिकारीले नाङ्गो आँखाले हेर्दा नै सो क्षेत्र अत्यन्त जोखिमपूर्ण देखिएको बताए। 'हामीले प्रारम्भिक हेराइमा सो क्षेत्र जोखिमयुक्त नै पाएका छौँ, तर वास्तविक प्राविधिक अवस्था भने भूगर्भविद्को विस्तृत अध्ययनपछि मात्र स्पष्ट हुनेछ।'- इञ्जिनियर अधिकारीले बताए। देवगिर क्षेत्रमा यसअघि वि.सं. २०७८ सालमा पनिसडक चर्किएको र धाँजा फाटेको थियो। तर, तत्कालीन समयमा भूगर्भविद्को सल्लाह र अध्ययनविना नै सडक टालटुल, प्लास्टर र ढलाई गरेर पुनः यातायात सञ्चालन गरिएको थियो। भुगर्ववविदको प्राविधिक अध्ययनविना पुनः टालटुल गरेर सडक संचालन गरेका भविष्यमा थप ठूलो क्षति हुन सक्ने ईन्जिनियर अधिकारीले बताए।

**वडा नम्बर ३ मा पनि जमिन फाटेर १० घर धरापमा**

यसैगरी, माथागढी गाउँपालिका वडा नम्बर ३ स्थित कसेनी-सराई-भैसकट्टा क्षेत्रमा पनि अविरल वर्षाकै कारण करिब ७५ मिटर लम्बाइमा जमिन चिरा परेको छ। जमिन फाटेपछि सो क्षेत्रका करिब १० घरपरिवार धरापमा परेका र यसै गरी वडा नं. ३ कै सिकारकोट डुमिरडाँडा बस्ती क्षेत्रमा जमिन चिरा चिरा परेको वडा अध्यक्ष तेजबहादुर घर्तीमगरले बताए।

सडक र वरपरको जमिनमा लगातार परेको चिराका कारण स्थानीय बासिन्दाहरू त्रसित बनेका छन्। वर्षा जारी रहेमा र जमिन थप भासिएमा ठूलो जनधनको क्षति हुन सक्ने भन्दै स्थानीयवासीले सुरक्षित स्थानतर्फ स्थानान्तरण र दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायसँग माग गरेका छन्।

## तथ्य परीक्षणपछि समाधान खोजिनुपर्छ : उद्योग व्यापार संघ

बुटवल । बुटवल उप-महानगरपालिका-११ मा लामो समयदेखि सञ्चालनमा रहेको रारा मसला उद्योगका सम्बन्धमा पछिल्लो समय उत्पन्न विवादप्रति उद्योग व्यापार संघ बुटवलले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

संघले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत् स्थानीय बासिन्दाबाट उद्योगविरुद्ध उठेका गुनासा, सरोकारवालालाई परेको दबाब तथा उद्योग सञ्चालनमा सिर्जना गरिएको अवरोधबारे आफ्नो ध्यानाकर्षण भएको जनाएको हो।

संघका अध्यक्ष लोकनाथ पन्थी र महासचिव विजय आचार्यद्वारा जारी विज्ञप्तिमा स्थानीय बासिन्दाबाट उठेका गुनासा र सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्ने उल्लेख गर्दै समस्या समाधानका नाममा उद्योगलाई निरुत्साहित गर्ने, अनधिकृत रूपमा उद्योग परिसरमा प्रवेश गर्ने, सञ्चारमाध्यमसहित एकपक्षीय गतिविधि गर्ने तथा उद्योग नै ठप्प हुने वातावरण सिर्जना गर्ने कार्यप्रति असहमति जनाइएको छ।

संघले उद्योगमा प्राविधिक वा वातावरणीय समस्या देखिएको भए त्यसको वास्तविक अवस्था पत्ता लगाउन तथ्यपरक प्राविधिक परीक्षण र आधिकारिक नियामक निकायबाट वस्तुनिष्ठ अनुगमन हुनुपर्नेमा जोड दिएको छ। त्यसका आधारमा सुधारका लागि स्पष्ट निर्देशन दिन र आवश्यक समय उपलब्ध गराएर समस्या समाधान खोजिनुपर्ने संघको धारणा छ।

संघले २०४६ सालदेखि स्वदेशी उत्पादन र रोजगारीको मेरुदण्ड बनेको उद्योगलाई सुधारको मौका नदिई बन्द गर्ने अवस्थामा पुऱ्याउनु निजी क्षेत्रमाथिको ठाडो प्रहार र अत्यन्तै चिन्ताजनक विषय भएको जनाएको छ।

रारा मसला उद्योग लामो समयदेखि स्वदेशी कच्चा पदार्थको प्रयोग तथा उत्पादनमार्फत् स्थानीय रोजगारी र अर्थतन्त्रमा योगदान पुऱ्याउँदै आएको स्थापित उद्योग भएको संघले जनाएको छ। करोडौँ रुपैयाँको लगानीमा सञ्चालन भइरहेको उद्योगलाई एकैपटक बन्द गराउने वा विस्थापित गर्ने वातावरण बनाउँदा सम्बन्धित उद्योगमा मात्र नभई निजी क्षेत्रको लगानी सुरक्षामाथि समेत नकारात्मक सन्देश जाने संघको भनाइ छ।

संघले स्थानीय बासिन्दाका जायज सरोकारलाई सम्बोधन गर्दै प्राविधिक परीक्षण, कानुनी प्रक्रिया र वस्तुगत आधारमा उद्योग सञ्चालनका लागि सहज वातावरण निर्माण गर्न सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।

विज्ञप्तिमा उद्योग र स्थानीयबीच देखिएको समस्या संवाद र प्रमाणमा आधारित प्रक्रियाबाट समाधान गर्नुपर्नेमा जोड दिँदै उद्योग सञ्चालनलाई नै प्रभावित पार्ने गतिविधिले समस्या समाधानभन्दा थप जटिलता निम्त्याउन सक्ने संकेत गरिएको छ।

उद्योग व्यापार संघ बुटवलले स्वदेशी उत्पादन, स्वदेशी लगानी, रोजगारी सिर्जना र स्थानीय उद्यमशीलताको संरक्षणलाई आफ्नो मूल ध्येयका रूपमा लिँदै आएको जनाएको छ। सोही नीतिअनुसार उद्योगसँग सम्बन्धित विवादमा पनि तथ्य र नियामक प्रक्रियाका आधारमा समाधान खोजिनुपर्ने संघको निष्कर्ष छ।

## बुटवलमा राष्ट्रियस्तरको साइबर सुरक्षा प्रतियोगिता हुँदै



बुटवल । साइबर सुरक्षा तथा सूचना प्रविधिमा रुचि राख्ने विद्यार्थी, युवा तथा प्रविधिप्रेमीलाई लक्षित गरी बुटवलमा राष्ट्रियस्तरको नेपाल साइबरसिल्ड-२०२६ प्रतियोगिताको तयारी सुरु भएको छ।

नेपालमा साइबर सुरक्षाप्रति युवाको रुचि र सीपलाई प्रोत्साहन गर्ने उद्देश्यले रोट्र्याक्ट क्लब अफ लुम्बिनी स्टार्सले 'क्याप्चर द फ्ल्याग' थिममा प्रतियोगिता आयोजना गरेको हो।

आयोजकका अनुसार युवाहरुको अगुवाइमा भएको यस्तो प्रतियोगिता नेपालमै पहिलो हो। साइबर सुरक्षासम्बन्धी व्यावहारिक ज्ञान, समस्या समाधान गर्ने क्षमता तथा प्राविधिक दक्षता परीक्षण गरिने प्रतियोगिताको पहिलो चरणको छनोट असोज १७ गते अनलाइन माध्यमबाट हुने कार्यक्रम संयोजक सन्देश आचार्यले पत्रकार सम्मेलनमा जानकारी दिए।

प्रतियोगितामा एक्लै वा चार जनासम्मको टोली बनाएर सहभागी हुन सकिने उनले बताए। छनोट चरणमा उत्कृष्ट प्रदर्शन गर्ने १० टोली बीच आगामी कार्तिकमा फाइनल प्रतिस्पर्धा हुने आचार्यले बताए। प्रतियोगिताको विजेताले एक लाख, दोस्रोले ७५ हजार, तेस्रोले ५० हजार र स्पेसल क्याटोगरी अवार्ड विजेताले २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने छन्।

अन्तिम चरणमा सहभागी टोलीले आफ्नो प्रणाली सुरक्षित राख्दै प्रतिस्पर्धी टोलीका प्रणालीमा रहेका कमजोरी पहिचान तथा चुनौती समाधान गर्दा प्राप्त अंकका आधारमा विजेता घोषणा गरिने प्रतियोगिताको नियम छ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

# सम्पादकीय

## नियमनकारी निकायलाई जिम्मेवार बनाऊ

सरकारी नियामक निकाय विनै उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारीले बुटवलको एक उद्योगमा अनुगमन गर्न पाउनुपर्ने अडान राखेपछि विवाद भएको छ । उपभोक्ता हित संरक्षण मञ्च उपभोक्ताको हितका लागि क्रियाशिल संस्था हो, उपभोक्ताको हितमा काम गर्ने संस्थाले गर्ने काम वैधानिक प्रक्रिया अनुसार हुनुपर्छ, सरकारी नियामक निकायविनै उद्योगमा अनुगमन गर्न खोज्नु बलजफ्ती हो ।

बजार अनुगमनका क्रममा बेलाबखत बलजफ्ती हुँदै आएका छन् । ती बलजफ्तीले व्यवसायीलाई आतंकित बनाएका छन् । जिम्मेवार व्यक्ति र निकायले प्रक्रियागत रुपमा अनुगमन गरेर बजारलाई अनुशासित बनाउनुको साटो आतंकित बनाउनु राम्रो होइन् । प्रक्रिया र विधि पूरा गरेर गर्ने अनुगमनले बजारलाई लयमा अघि बढाउँछ । केही समयअघि हैदरावादी दम विरयानीमा भएको बुटवल उप-महानगरपालिकाको अनुगमनका बारेमा पनि प्रश्न उठेका थिए । बुटवल उप-महानगरपालिका उप-प्रमुखले पकाएको खानेकुराको डाडु र पन्यु चलाएर व्यक्त गरेका धारणा र उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारीले व्यक्त गरेका भनाइ अस्वभाविक थिए । खाद्यवस्तुको अनुगमन गर्दा खाद्य तथा गुणस्तर कार्यालयको प्रतिनिधि अनिवार्य हुनुपर्छ । खाद्य तथा गुणस्तर कार्यालयको प्रतिनिधिले खाद्य पदार्थ ठिक भएको वा नभएको भन्ने हो ।  गुणस्तर तथा नापतौल कार्यालयको प्रतिनिधिसँगै राखेर नापतौलका बारेमा अनुगमन गर्ने हो । औषधी पसलको अनुगमन गर्दा औषधी व्यवस्था विभागका प्रतिनिधि अनिवार्य हुनुपर्छ । स्थानीय तहले अनुगमन गर्दा यी विषयलाई हेक्का राख्दा अनुगमनका बारेमा उठ्ने प्रश्न स्वतः न्यूनीकरण हुन्छन् ।

उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारी एक्लै उद्योगमा पुगेर विवाद गर्नु संस्थागत मर्यादा पटक्कै भएन् ।  कुनै उद्योगले कानुन र विधि मिचेर काम गरेको छ भने नियमनकारी निकायलाई विधि पालनाको लागि दबाब दिन सकिन्छ । विधि पालना गराउन किन बेवास्ता गरेको भनेर प्रश्न गर्न सकिन्छ, तर उद्योगीसँग विवाद गर्ने होइन् । उपभोक्ताको हितका लागि खोलिएका संस्थाले उद्योगमा छिरेर विवाद गर्दै जाने हो भने त्यसले मुठभेड निम्त्याउँछ । यसले उद्योगी र उपभोक्ता बिचको दूरी बढाउँछ । उद्योगीले सामान उत्पादन गर्छन्, उनीहरुले उत्पादन गर्ने सामान गुणस्तरीय हुनुपर्छ ।

गुणस्तरको पालना नभए कानुनी कारबाहीको भागिदार हुनुपर्छ । उनीहरुले गुणस्तर पालना गर्ने शर्तनामा गरेर उद्योग खोल्ने अनुमति पाएका हुन्छन् । विभिन्न नियामक निकायले उनीहरुलाई त्यसबारेमा बेलाबखत त्यसबारेमा जानकारी गराएका हुन्छन् । तर उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारी र स्थानीय तहका जनप्रतिनिधिबाट प्रक्रिया बाहिर गएर हुने क्रियाकलापले विधिको पालना होइन्, बलजफ्तीको वातावरण श्रृजना गर्छ । उपभोक्ताले स्वच्छ र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकारको ग्यारेण्टीका लागि नियमनकारी निकायलाई सघाउनु  र उनीहरुको ध्यानाकर्षण गराउनु नै उपभोक्ता हित संरक्षण मञ्चको मुलमन्त्र हुनुपर्छ ।

# अदालत 'न्यायको मन्दिर' कि शक्ति–सम्बन्धको अखडा ?

जयप्रकाश आनन्द

चोलेन्द्र शमशेर जबराको पक्राउ प्रकरणले अहिले नेपालको न्यायिक इतिहासको एउटा पुरानो अध्यायलाई फेरि वर्तमानको कठघरामा ल्याइदिएको छ ।

असोज १० गते मध्यरातमा प्रहरीले पूर्वप्रधान न्यायाधीश चोलेन्द्रलाई निवासबाट नियन्त्रणमा लिएर करिब १० घण्टा राखिएको घटनाको कानुनी आधारबारे सरकारले अहिलेसम्म स्पष्ट गरेको छैन ।

प्रहरीले सुरक्षा जोखिमको कारण देखाएको छ, तर पक्राउ पुर्जीबिनाको त्यसपछिको घटनाक्रमले स्वाभाविक रूपमा अनेक प्रश्न उठाएको छ ।

यो प्रकरणमा बाहिर आएका विवरणहरूले प्रतिशोधको आशंकासमेत जन्माएका छन् । त्यसको वास्तविक प्रयोजन र पृष्ठभूमि के हो, त्यो समयले खुलाउला । अहिले त्यसको निष्कर्ष निकाल्नु मेरो उद्देश्य होइन ।

तर घटनाले उठाएको एउटा गम्भीर प्रश्न टार्न मिल्दैन– पूर्वप्रधान न्यायाधीशमाथिको राज्यको व्यवहार र स्वतन्त्र न्यायपालिकाको मर्यादाबिचको सम्बन्ध के हो ?

त्यसको जबाफमा स्वयं सर्वोच्च अदालत बोलेको छ ।

२०८३ असोज १२ गते बसेको सर्वोच्च अदालतको आकस्मिक पूर्ण बैठकले पूर्वप्रधान न्यायाधीश चोलेन्द्रलाई घरबाट नियन्त्रणमा लिई करिब १० घण्टा प्रहरी कार्यालयमा राखिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ । सर्वोच्चले पूर्वप्रधान न्यायाधीश, पूर्वन्यायाधीश, बहालवाला न्यायाधीश तथा न्यायिक जनशक्तिलाई स्वतन्त्र न्यायपालिकाका अभिन्न अंगका रूपमा उल्लेख गर्दै उनीहरूप्रति राज्यका निकायले गर्ने व्यवहार संवेदनशील र गम्भीर विषय भएको स्पष्ट गरेको छ ।

उचित कानुनी प्रक्रिया पूरा नगरी गरिने कारबाहीमा स्वेच्छाचारिताको सम्भावना रहने र त्यस्तो कार्य लोकतान्त्रिक शासन प्रणालीले स्वीकार गर्न नसक्ने पनि सर्वोच्चले जनाएको छ ।

अझ अर्थपूर्ण कुरा, सर्वोच्चले कुनै पनि पूर्वपदाधिकारीसँग जोडेर न्याय सम्पादनका क्रममा भएका वा हुने कामकारबाहीलाई चित्रण वा सम्प्रेषण नगर्न सम्बन्धित सबै सरोकारवालालाई आग्रह गरेको छ । साथै न्यायपालिकाबाट हुने हरेक कामकारबाहीमा बाह्य वा आन्तरिक कुनै पनि प्रकारको प्रभावलाई स्थान नदिइने विश्वाससमेत व्यक्त गरेको छ ।

यो वक्तव्यलाई चोलेन्द्रको पक्राउप्रतिको तत्कालीन प्रतिक्रिया मात्र ठान्न मिल्दैन । बहालवाला अदालतले आफ्ना पूर्वप्रधान न्यायाधीशउपर गरिएको व्यवहारबारे यसरी बोल्नु आफैँमा गम्भीर संस्थागत संकेत हो ।

यस अर्थमा चोलेन्द्रको पक्राउ अब उनको व्यक्तिगत प्रकरणमा मात्र सीमित रहेन; यो वर्तमान सर्वोच्च अदालतसँग समेत प्रत्यक्ष रूपमा जोडिएको विषय बन्न पुगेको छ । यदि चोलेन्द्रले गम्भीर कार्य गरेका हुन् भने पनि सिंगो अदालतले उनलाई प्रथमदृष्ट्या प्रतिरक्षा गरेको छ ।

यहीँबाट फेरि पुरानो प्रश्न उठ्छ– सर्वोच्च अदालतभित्र दशकौंदेखि जम्दै आएको स्वार्थ-समूहको प्रभाव, न्यायिक नियुक्तिमा शक्ति-सन्तुलन, बिचौलियाको चर्चा, भ्रष्टाचारका आरोप, राजनीतिक हस्तक्षेप, महाभियोग र प्रतिशोधका प्रसंगहरूलाई अलग अलग घटना मानेर मात्र पुग्छ कि यी सबैमा कुनै संस्थागत निरन्तरता पनि छ ?

चोलेन्द्र पक्राउको तत्कालीन कारण जे होस्, सर्वोच्च अदालतको यो वक्तव्यले एउटा कुरा स्पष्ट गरिदिएको छ– आजको अदालत आफ्नै विगतसँग संवाद गर्न बाध्य भएको छ ।

र, यही कारणले २०४७ सालपछि सर्वोच्च अदालतको नेतृत्वमा देखिएका विवाद, शक्ति-सम्बन्ध, नियुक्तिको राजनीति, महाभियोग र न्यायिक बेथितिको यो लामो यात्रालाई फेरि एक पटक फर्केर हेर्नु आवश्यक भएको छ ।

मैले यो लेखमा त्यही यात्राको एउटा फन्को लगाउने प्रयास गरेको छु ।

नेपालको राजनीतिमा परिवर्तनको आकांक्षा स्थायित्वभन्दा बलियो देखिन्छ । व्यवस्था बदलियो, संविधान बदलियो, सरकार र राजनीतिक शक्ति-सम्बन्ध बदलिँदै गए । तर एउटा प्रश्न निरन्तर उस्तै रह्यो– राज्यका संस्थाहरू साँच्चिकै संस्थागत भए कि तिनको चरित्र पनि राजनीतिक शक्ति-सन्तुलनकै अधीनमा रह्यो ? आज यो प्रश्न सबैभन्दा तीव्र रूपमा सर्वोच्च अदालततर्फ फर्किएको छ ।

सर्वोच्च अदालत संविधानको अन्तिम व्याख्याता र नागरिकको अन्तिम न्यायिक आश्रय हो । तर त्यही अदालतको नेतृत्व गर्ने प्रधानन्यायाधीशहरू नै पटक पटक राजनीतिक विवाद, नियुक्तिको प्रश्न, महाभियोग, बिचौलियाको चर्चा, वरिष्ठता विवाद र संस्थागत द्वन्द्वको केन्द्र बन्न थालेपछि प्रश्न व्यक्ति-विशेषको मात्र रहँदैन । प्रश्न अदालतको संस्थागत चरित्रमाथि उठ्छ । २०४७ सालपछिको इतिहास हेर्दा यो प्रश्न अझ गम्भीर देखिन्छ । विश्वनाथ उपाध्यायदेखि मनोजकुमार शर्मासम्म आइपुग्दा सर्वोच्च अदालतले अनेक प्रधानन्यायाधीश देख्यो– कतिपयको कार्यकाल शान्त रह्यो, कतिपय छोटो समयमै बिदा भए । तर पटक-पटक प्रधानन्यायाधीशकै कुर्सी विवादको केन्द्र बन्न पुग्यो ।

सर्वोच्च अदालतको आधिकारिक अभिलेखअनुसार २०४८ सालमा विश्वनाथ उपाध्यायबाट सुरु भएको यो क्रम सुरेन्द्रप्रसाद सिंह, त्रिलोकप्रताप राणा, ओमभक्त श्रेष्ठ, मोहनप्रसाद शर्मा, केशवप्रसाद उपाध्याय, केदारनाथ उपाध्याय, गोविन्दबहादुर श्रेष्ठ, हरिप्रसाद शर्मा, दिलीपकुमार पौडेल, केदारप्रसाद गिरी, मीनबहादुर रायमाझी, अनुपराज शर्मा, रामप्रसाद श्रेष्ठ, खिलराज रेग्मी, दामोदरप्रसाद शर्मा हुँदै कल्याण श्रेष्ठ, सुशीला कार्की, गोपालप्रसाद पराजुली, ओमप्रकाश मिश्र, चोलेन्द्रशमशेर राणा, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतसम्म आइपुग्छ ।

यो केवल नामको सूची होइन । प्रत्येक नामसँग नेपालको बदलिँदो राजनीतिक र न्यायिक चरित्रको एउटा कथा जोडिएको छ ।

विश्वनाथ उपाध्यायबाट सुरु गरौं ।

२०४७ सालको संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेका विश्वनाथ उपाध्याय नेपालको न्यायपालिकालाई स्वतन्त्र संस्थाका रूपमा उभ्याउने प्रारम्भिक पुस्ताका प्रमुख व्यक्तित्व थिए। तर उनको कार्यकाल विवादबाट मुक्त रहेन ।

२०५२ सालमा तत्कालीन एमालेका प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटन गरेको निर्णय सर्वोच्च अदालतले बदर गरी प्रतिनिधिसभा पुनःस्थापना गर्‍यो । उपाध्याय नेतृत्वको इजलासको त्यो फैसलाले नेपालको संवैधानिक इतिहास नै बदल्यो । त्यही फैसलापछि उनीमाथि राजनीतिक आरोप-प्रत्यारोप तीव्र भयो ।

उनीमाथि राजनीतिक झुकावको आरोप लाग्यो । उनका समर्थकले उनलाई संविधान र न्यायिक स्वतन्त्रताको पक्षमा उभिएको व्यक्तिका रूपमा बचाए ।

तर त्यसपछि एउटा खतरनाक परम्पराको सुरुआत भयो– राजनीतिक रूपमा संवेदनशील फैसला गर्ने अदालत स्वयं राजनीतिक प्रतिक्रियाको निशानामा पर्न थाल्यो ।

त्यसै घटनाको पृष्ठभूमिमा प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय र न्यायाधीश सुरेन्द्रप्रसाद सिंहविरुद्ध महाभियोगको प्रयास भयो । सुरेन्द्रप्रसाद सिंहविरुद्धको प्रयास संसदमा अघि बढेन ।

त्यस बेलाको घटनाले एउटा गम्भीर सन्देश भने दियो न्यायपालिकाले राजनीतिक शक्तिलाई चुनौती दिने फैसला गरेमा राजनीतिक शक्तिले पनि अदालतलाई चुनौती दिन सक्छ ।

त्यसपछिका त्रिलोकप्रताप राणा, ओमभक्त श्रेष्ठ र मोहनप्रसाद शर्माको कार्यकाल छोटो रह्यो । केशवप्रसाद उपाध्यायको समयमा देश माओवादी हिंसाको चपेटामा थियो । अदालत पनि त्यस द्वन्द्वबाट अलग रहन सकेन । न्यायाधीश, सरकारी वकिल र प्रशासनिक संयन्त्रसमेत सुरक्षा र राजनीतिक दबाबको बीचमा थिए ।

केदारनाथ उपाध्यायसम्म आइपुग्दा राजतन्त्र, राजनीतिक दल र माओवादीबीचको शक्ति-संघर्ष अझ तीव्र भइसकेको थियो। त्यसपछि दिलीपकुमार पौडेलको समयमा अदालतभित्रको घुस प्रकरणले न्यायपालिकाको छविमाथि गम्भीर प्रश्न उठायो । गोप्य रेकर्डिङमा 'चाहिएको न्यायाधीश' र आर्थिक लेनदेनसँग सम्बन्धित कुराकानी सार्वजनिक भयो ।

यो घटनाले एउटा असहज प्रश्न जन्मायो-न्यायाधीश नियुक्ति र मुद्दाको परिणाममा बाह्य पहुँच कति छ ?

यसलाई कुनै प्रधानन्यायाधीश स्वयं घुसमा संलग्न भएको प्रमाणका रूपमा प्रस्तुत गर्नु उचित हुँदैन । तर संस्थागत पारदर्शितामाथि उठेको प्रश्नलाई पनि बेवास्ता गर्न मिल्दैन ।

त्यस बखतको यो सर्वाधिक चर्चित विवाद थियो ।

केदारप्रसाद गिरीको नियुक्ति पनि राजनीतिक र संसदीय स्वीकार्यताको विवादबाट मुक्त रहेन । संसदीय समितिमा प्रभावशाली रहेको एमालेले केदार गिरीको नेपाली कांग्रेससँगको निकटता देखाएर विवाद खडा गरे ।

त्यसपछि अर्को संवैधानिक उपायबाट संसदीय समितिको अनुमोदनबिना नै केदार गिरी प्रधानन्यायाधीश नियुक्त गरिए । त्यसपछि मीनबहादुर रायमाझी, अनुपराज शर्मा र रामप्रसाद श्रेष्ठले अदालतको नेतृत्व गरे ।

मीनबहादुर रायमाझीलाई पन्छाएर त्यस बेला वरीयतामा चौथो श्रेणीमा रहेका खिलराज रेग्मीलाई तान्न खोजिएको थियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को यो प्रयास सफल भएन । पछि २०६८ सालमा खिलराज रेग्मी प्रधानन्यायाधीश बनेपछि नेपालको न्यायिक इतिहासमै असाधारण मोड आयो । खिलराज रेग्मी प्रधानन्यायाधीशमा सीमित रहेनन् । २०६९ सालको राजनीतिक सहमतिपछि उनी मन्त्रिपरिषदका अध्यक्ष बने । यस प्रकरणमा विदेशी दबाबको गम्भीर आरोप पनि रह्यो ।

तर ठूलो विसंगति देखियो अर्थात् सर्वोच्च अदालतको नेतृत्व गरिरहेका व्यक्ति नै कार्यपालिकाको प्रमुख बने ।

शक्तिपृथकीकरणको दृष्टिले यो असाधारण परिस्थिति थियो । बार, नागरिक समाज र राजनीतिक वृत्तबाट प्रश्न उठ्यो । न्यायपालिकाको सर्वोच्च पद र कार्यपालिकाको सर्वोच्च पद एउटै व्यक्तिमा केन्द्रित हुनु लोकतान्त्रिक संस्थागत सन्तुलनका लागि सहज विषय थिएन । रेग्मीको कार्यकालसँग जोडिएर न्यायपालिकाभित्र उत्तराधिकारको एउटा संरचना बनाइएको चर्चा पनि चल्यो । खिलराजले कल्याण श्रेष्ठ, सुशीला कार्कीलाई क्रमशः प्रधानन्यायाधीशको रोलक्रममा राखे ।

यसपछि सोही प्रवृत्तिको अनुकरण गर्दै प्रधानन्यायाधीश दामोदर शर्माले सर्वोच्च अदालत पुग्नै नसक्ने गरी खिलराजद्वारा फालिएका चोलेन्द्र शर्मालाई सुशीला कार्कीद्वारा गरिएको कारबाही फुकुवा गरी चोलेन्द्रशमशेर राणा र त्यसपछिका गोपाल पराजुली पछिसम्मको नेतृत्वलाई त्यसैको निरन्तरताको क्रम बनाए ।

यहीँबाट, न्यायिक नियुक्ति र उत्तराधिकारमा शक्ति-सम्बन्धको प्रश्न सत्य हुँदै सार्वजनिक बहसमा गहिरिँदै गएको हो । दामोदर र त्यसपछि कल्याणको कार्यकालमा पनि न्यायाधीश नियुक्ति, अदालतभित्रको शक्ति-सन्तुलन र बिचौलियाको प्रभावबारे प्रश्न उठिरहे ।

तर सुशीला कार्कीको कार्यकालले न्यायपालिका र राजनीतिको सम्बन्धलाई नयाँ किसिमको संघर्षमा पुर्‍यायो । नेपालमा राजनीतिक व्यवस्था नै परिवर्तन भएपछि माओवादी पक्षको प्रत्यक्ष रोजाइमा परेर वकिलहरूको समुदायबाट सुशीला कार्कीलाई अदालतभित्र ल्याइएको हो । सुशीला स्वतन्त्र व्यक्ति देखिए पनि यो प्रत्यक्षतः राजनीतिक रोजाइ थियो ।

नेपालकी पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीविरूद्ध २०७४ बैशाख १७ गते २४९ सांसदले महाभियोग प्रस्ताव दर्ता गरे । कार्यपालिकाको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको, कार्यसम्पादनमा कमजोरी गरेको र न्यायपालिकामा गुटबन्दी बढाएको लगायत आरोप लगाइएका थिए । प्रस्ताव दर्ता भएपछि उनी स्वतः निलम्बित भइन् । सर्वोच्च अदालतको अन्तरिम आदेशपछि भने उनी काममा फर्किइन् र केही समयपछि महाभियोग प्रस्ताव फिर्ता भयो ।

यो नेपालको इतिहासमा कार्यरत प्रधानन्यायाधीशविरुद्ध दर्ता भएको पहिलो महाभियोग प्रस्ताव थियो । त्यसैले यसको राजनीतिक अर्थ एउटा व्यक्तिमाथिको आरोपभन्दा धेरै ठूलो थियो । अदालतको स्वतन्त्रता र संसदको राजनीतिक अधिकारबीचको सीमारेखा कति फराकिलो वा साँघुरो हुने भन्ने बहस त्यहीँबाट अझ गहिरियो ।

त्यसपछि आए गोपालप्रसाद पराजुली ।

उनको जन्ममिति र पदावधि सम्बन्धी अभिलेख विवादले सर्वोच्च अदालतकै नेतृत्वलाई असहज अवस्थामा पुर्‍यायो । जन्ममिति फरक फरक अभिलेखमा फरक देखिएपछि न्यायपरिषदले उपलब्ध प्रमाणका आधारमा उनको अवकाश उमेर पूरा भएको निष्कर्ष निकाल्यो । एउटा संवैधानिक संस्थाको सर्वोच्च पदमा बसेका व्यक्तिको आधारभूत व्यक्तिगत अभिलेखमै यति ठूलो विवाद उठ्नु आफैँमा संस्थागत कमजोरीको संकेत थियो । त्यसपछि दीपकराज जोशीको प्रसंग आयो । वरिष्ठताका आधारमा प्रधानन्यायाधीश बन्ने अपेक्षा गरिएका जोशी संसदीय सुनुवाइबाट अनुमोदित भएनन् ।

उनका समर्थकहरूले त्यसलाई राजनीतिक निर्णयका रूपमा लिए, विरोधीहरूले योग्यता र कार्यसम्पादनको प्रश्न उठाए । तर परिणाम एउटै रह्यो– वरिष्ठ न्यायाधीश प्रधानन्यायाधीश बन्नबाट रोकिए । यसले अर्को प्रश्न जन्मायो– प्रधानन्यायाधीशको नियुक्तिमा वरिष्ठता निर्णायक हो कि राजनीतिक र संसदीय स्वीकार्यता ? त्यसपछि ओमप्रकाश मिश्र आए । उनको कार्यकाल छोटो रह्यो । अनि आए चोलेन्द्रशमशेर राणा । चोलेन्द्रको कार्यकाल नेपालको न्यायिक इतिहासको सबैभन्दा गम्भीर संस्थागत संकटमध्ये एक बन्यो । उनमाथि बिचौलियाको प्रभाव, मुद्दा मिलेमतो, न्यायिक नियुक्तिमा पक्षपात, भ्रष्टाचार र कार्यपालिकासँग अनुचित सम्बन्धलगायत अनेक आरोप सार्वजनिक भए । नेपाल बार आन्दोलनमा ओर्लियो । सर्वोच्च अदालतका न्यायाधीशहरू नै प्रधानन्यायाधीशविरुद्ध सार्वजनिक रूपमा उभिए ।

२०७८ फागुन १ गते ९८ जना सांसदले चोलेन्द्रविरुद्ध २१ बुँदे महाभियोग प्रस्ताव दर्ता गरे । प्रस्तावमा न्यायपालिकामा भ्रष्टाचार बढाएको, प्रभावकारी रूपमा कर्तव्य पूरा गर्न नसकेकोलगायत आरोप थिए । महाभियोग प्रस्ताव दर्ता भएपछि संविधानअनुसार उनी स्वतः निलम्बित भए ।

तर संसदले त्यसको अन्तिम निर्णय गर्न सकेन । प्रतिनिधिसभाको कार्यकाल समाप्त भयो । महाभियोग प्रक्रिया अधुरै रह्यो ।

यहाँ एउटा भिन्नता बुझ्न जरूरी छ- महाभियोग दर्ता हुनु आरोप हो, दोष प्रमाणित हुनु होइन । तर संसदले आरोपको अन्तिम टुंगोसमेत लगाउन नसक्नु भने आफैँमा नेपालको संवैधानिक जबाफदेहिताको कमजोरी हो ।

चोलेन्द्र प्रकरणले अदालतभित्रको बेथितिलाई पहिलो पटक यति ठूलो मात्रामा सार्वजनिक बहसमा ल्यायो । न्यायपालिकाको नेतृत्वमाथि नै बिचौलियाको प्रभाव र मुद्दा व्यवस्थापनको प्रश्न उठेपछि अदालतको नैतिक अधिकारमाथि गम्भीर धक्का पुग्यो ।

त्यसपछि हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतले अदालतको नेतृत्व गरे । तर पुराना प्रश्नहरू समाप्त भएनन मुद्दाको चाप, नियुक्तिको पारदर्शिता, न्यायाधीशमाथिको उजुरी, बिचौलियाको प्रभाव र अदालतभित्रको प्रशासनिक कमजोरी कायम रहे ।

२०८३ सालमा फेरि त्यही पुरानो प्रश्न प्रधानन्यायाधीश नियुक्तिको ढोकामा आइपुग्यो । संवैधानिक परिषद्ले वरिष्ठतामा चौथो स्थानमा रहेका मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशका लागि सिफारिस गर्‍यो । उनीभन्दा अगाडि सपना प्रधान मल्ल, कुमार रेग्मी र हरिप्रसाद फुयाँल थिए । दशकौंदेखि सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीशलाई क्रमशः प्रधानन्यायाधीश बनाउने व्यवहारगत परम्परा थियो । त्यो संविधानमा अनिवार्य रूपमा लेखिएको व्यवस्था होइन । तर न्यायिक नेतृत्वमा स्थिरता ल्याउने एउटा स्थापित संस्थागत मान्यता थियो ।

यस पटक त्यो परम्परा तोडियो ।

प्रधानमन्त्री बालेन शाह नेतृत्वको संवैधानिक परिषदले मनोजकुमार शर्मालाई अघि सार्दा परिषदका दुई सदस्यले लिखित असहमति जनाए। उनीहरूले स्थापित प्रक्रिया र परम्पराको बेवास्ताप्रति आपत्ति जनाएका थिए ।

अर्कोतर्फ प्रधानमन्त्री शाहको तर्क थियो– परम्परा मात्र नियुक्तिको आधार हुन सक्दैन, योग्यता, विशेषज्ञता र न्यायिक क्षमतालाई पनि हेर्नुपर्छ । यो तर्कलाई कानुनी रूपमा पूर्णतः अस्वीकार गर्न सकिँदैन । वरिष्ठता संविधानमा लेखिएको अनिवार्य मापदण्ड होइन ।

तर प्रश्न फेरि पनि उही हो– यदि वरिष्ठता तोडिन्छ भने त्यसको वस्तुगत र संस्थागत कारण के हो ?

अदालतमा यही प्रश्नले नयाँ विवाद जन्मायो । कार्यवाहक प्रधानन्यायाधीश सपना प्रधान मल्लले शर्मा सिफारिसविरुद्धको रिट दर्ता गर्न निर्देशन दिएकी थिइन् । तर अदालत प्रशासनले तत्काल त्यसलाई कार्यान्वयन गरेन । त्यसपछि सर्वोच्च अदालतभित्रै प्रशासनिक आदेश र प्रधानन्यायाधीशको निर्देशनबिच टकराव देखियो ।

मनोजकुमार शर्मा अन्ततः संसदीय सुनुवाइबाट अनुमोदित भएर २०८३ जेठमा प्रधानन्यायाधीश बने । सुनुवाइ क्रममा उनको फैसला, शैक्षिक योग्यता, एनसेलसम्बन्धी मुद्दा र नियुक्ति विवादबारे प्रश्न उठे । उनले भ्रष्टाचार र अनियमितता विरूद्ध शून्य सहनशीलता, पारदर्शी न्यायिक नियुक्ति र मुद्दाको डिजिटल व्यवस्थापनसहित सुधारका योजना प्रस्तुत गरे ।

अब अदालतसामु चुनौती स्पष्ट छ– पुरानो अविश्वासको चक्र तोड्ने कि अर्को विवादको प्रतीक्षा गर्ने ? किनकि समस्या मनोज मात्र होइनन्, समस्या सुशीला मात्र होइनन्, समस्या चोलेन्द्र मात्र पनि होइनन्। समस्या व्यक्ति-व्यक्तिको चरित्रमा सीमित छैन । समस्या त्यो प्रणालीमा छ, जसले बारम्बार व्यक्तिलाई बदल्छ तर संस्थागत संस्कार बदल्दैन ।

प्रधानन्यायाधीश नियुक्ति पारदर्शी छैन भने विवाद हुन्छ । न्यायाधीश नियुक्ति अपारदर्शी भयो भने प्रश्न उठ्छ। मुद्दा तोक्ने प्रक्रियामा शंका भयो भने अदालतको विश्वसनीयता घट्छ । बिचौलियाको प्रभावको आरोप लागिरह्यो भने न्यायाधीशको निष्पक्षतामाथि प्रश्न उठ्छ ।

महाभियोग राजनीतिक संख्याको खेल बन्यो भने न्यायिक स्वतन्त्रता कमजोर हुन्छ । अहिलेसम्म अदालत सुधार्ने नाममा 'अर्को व्यक्ति' खोजिएको मात्र छ । राजनीतिक चयन अझै जीवित छ । सुधारका लागि अझ गम्भीर कुरा– न्यायपालिका आफैभित्रको बेथितिमाथि प्रश्न उठ्दा अदालतले आत्मसुधारको क्षमता देखाउन सकेको छैन, यसर्थ बाहिरबाट हुने राजनीतिक हस्तक्षेप रोक्ने नैतिक आधार पनि कमजोर छ । अदालत स्वतन्त्र हुनुपर्छ, तर यसको अर्थ जबाफदेहिता विहीन होइन । न्यायाधीशलाई राजनीतिक दबाबबाट मुक्त राख्नुपर्छ तर यसको अर्थ न्यायाधीशमाथि कुनै प्रश्न उठाउन नपाइने होइन । महाभियोग हुनुपर्छ, तर त्यो राजनीतिक प्रतिशोधको साधन बन्नु हुँदैन । प्रधानन्यायाधीश शक्तिशाली हुनुपर्छ, तर अदालत प्रधानन्यायाधीशको व्यक्तिगत शक्ति-केन्द्र बन्नु हुँदैन ।

यही सन्तुलन नेपालले अझै भेट्टाउन सकेको छैन । तीन दशकभन्दा बढीको अनुभवले एउटा कठोर सत्य देखाएको छ– नेपालमा राजनीतिक परिवर्तनको गति संस्थागत सुधारको गतिभन्दा धेरै अगाडि छ ।

२०४७ पछि लोकतन्त्र आयो । २०६३ पछि गणतन्त्र आयो । २०६३-६५ मा राज्य पुनर्संरचनाको प्रक्रिया अघि बढ्यो । नयाँ संविधान आयो । तर सर्वोच्च अदालतभित्र नियुक्ति, वरिष्ठता, बिचौलिया, राजनीतिक दबाब र संस्थागत जबाफदेहिताका पुराना प्रश्नहरू नयाँ नयाँ नाममा दोहोरिरहे ।

त्यसैले आज प्रश्न छ– प्रधानन्यायाधीशको कुर्सीभन्दा माथि संस्था कहिले उठ्छ ? जलेको भग्नावशेषबाट फेरि ठडिने कुनै अर्को विशाल भवनको न्यायालय बन्ला, न्यायालयको भवन ठूलो भएर मात्र अदालत ठूलो हुँदैन । न्यायाधीशको पद संवैधानिक भएर मात्र न्यायपालिका स्वतन्त्र हुँदैन ।

सर्वोच्च अदालतको इतिहास त्यसैले प्रधानन्यायाधीशहरूको इतिहास मात्र होइन । यो सत्ता र न्यायबीच संघर्षको इतिहास हो । यो संविधान र व्यवहारबीच दूरीको इतिहास हो । यो नियुक्ति र योग्यताबीच द्वन्द्वको इतिहास हो । यो स्वतन्त्रता र जबाफदेहिताबीच अपूर्ण सन्तुलनको इतिहास हो । र, सबैभन्दा बढी, एउटा संस्थालाई राजनीतिक पहुँच, गुटीय स्वार्थ र प्रतिशोधभन्दा माथि उठाउने अधुरो यात्राको इतिहास हो ।

अब अदालतले आफैँलाई प्रश्न गर्नुपर्ने बेला आएको छ । अदालत न्यायको मन्दिर हो कि शक्ति-सम्बन्धको अर्को अखडा ?

सेतोपाटीबाट

# सेयर बजार  पाँच अंकले घट्यो



काठमाडौं । सेयर बजार परिसूचक (नेप्से) घट्ने क्रमले बुधबार पनि निरन्तरता पाएको छ । मंगलबार ९ अंकले घटेको नेप्से सूचक बुधबार करिब ५ अंकले घटेको हो ।

सेयर बजार सुधार्न अर्थ मन्त्रालयले जारी गरेको २१ बुँदे 'सेयर बजार सुधार कार्ययोजना' ले पनि लगानीकर्ताको मनोबल बढाउन सकेन ।

सरकारले ल्याएका कार्यायोजनालाई नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्डलगायत सम्बन्धित निकायले सम्बोधन समेत गरेको अवस्थामा समेत बजार सकारात्मक हुन नसकेको हो ।

त्यसपछि प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले बुधबार सरोकारवालासँग छलफल गरेको छ । समितिले धितोपत्र ऐन संशोधन गर्न नयाँ विधेयक संसदमा प्रस्तुत गर्न सरकारलाई निर्देशन समेत दिएको भए पनि त्यसको सकारात्मक प्रभाव सेयर बजारमा देखिएन ।

बुधबार नेप्से परिसूचक ४.८२ अंकले घटेको छ भने कारोबार रकम पनि ४ अर्ब ७६ करोडमा सीमित भएको छ । मंगलबार नेप्सेमा ५ अर्ब ३८ करोड रुपैयाँ बराबर सेयर कारोबार भएको थियो । बुधबार नेप्सेमा १ सय ९ कम्पनीको सेयर मूल्य बढेको छ भने १ सय ५७ कम्पनीको सेयर मूल्य घटेको छ ।

त्यसैगरी १३ कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएन । बुधबार नेप्सेमा कारोबार भएका सेयरमध्ये सिन्धु विकास बैंकका सेयरधनीले सबैभन्दा धेरै कमाएका छन् । बैंकको प्रतिकित्ता सेयर मूल्य १४.३७ प्रतिशतले बढेको छ ।

बुधबार नेप्सेमा कारोबार भएका समूहगत परिसूचकमध्ये बैंकिङ ५.९७, विकास बैंक २७.०७, वित्त ७.३७, होटल ३८.२०, लगानी ०.१८, जीवन बीमा ४२.०३, उत्पादनमूलक २६.५८, लघुवित्त १.७२, निजर्जीवन बीमा १६.१२ र अन्य ४.०६ अंकले घटेका छन् । त्यसैगरी व्यापार ३८, सामूहिक लगानी कोष ०.०५ र जलविद्युत् ०.७० अंक बढेका छन् ।

# भोटेकोसी बाढी प्रभावित प्रहरीका सन्ततिलाई स्नातकोत्तर तहसम्म निःशुल्क शिक्षा



बुटवल । नेपाल प्रहरीले भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित प्रहरी कर्मचारीका सन्ततिलाई प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउने भएको छ। बाढीबाट प्रत्यक्ष प्रभावित २८ जना नेपाल प्रहरी कर्मचारीका सन्ततिलाई उक्त सुविधा उपलब्ध गराउने निर्णय गरिएको हो।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको अध्यक्षतामा सोमबार बसेको नेपाल प्रहरी नीति निर्माण समितिको उच्चस्तरीय बैठकले प्रभावित प्रहरी परिवारलाई लक्षित गरी शिक्षा, जीविकोपार्जन तथा दीर्घकालीन पुनःस्थापनासम्बन्धी विशेष निर्णय गरेको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ।

गत भदौ १० गते रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका क्रममा कर्तव्य पालनामा खटिएका तथा बाढीबाट प्रत्यक्ष प्रभावित प्रहरी कर्मचारीका परिवारलाई लक्षित गरी बैठकले सो निर्णय गरेको हो । निर्णयअनुसार प्रभावित २८ जना प्रहरी कर्मचारीका सन्ततिलाई प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको शिक्षा पूर्णरूपमा निःशुल्क उपलब्ध गराइनेछ।

महानिरीक्षक कार्कीले राष्ट्र र नागरिकको सुरक्षाका लागि कर्तव्य पालनाका क्रममा आफ्नो प्राण आहुति दिने प्रहरी कर्मचारी तथा विपद्बाट प्रभावित प्रहरी परिवारप्रति नेपाल प्रहरी सधैँ साथमा रहेको बताएका थिए । प्रहरी कर्मचारीको त्याग, समर्पण र सेवाको उच्च मूल्याङ्कन गर्दै उनीहरूका सन्ततिको शिक्षा तथा परिवारको पुनःस्थापनाका लागि संगठनले आवश्यक सहयोग गर्ने उहाँले बताएको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अभिनारायण काफ्लेले राष्ट्रसेवामा खटिँदा प्रभावित भएका प्रहरी कर्मचारी तथा उनीहरूका परिवारको संरक्षण र कल्याण नेपाल प्रहरीको जिम्मेवारी भएको बताए। उनले प्रहरी कर्मचारीले जोखिमपूर्ण अवस्थामा निर्वाह गरेको कर्तव्यको सम्मान गर्दै प्रभावित परिवारको शिक्षा र जीविकोपार्जनलाई दीर्घकालीनरूपमा सम्बोधन गर्ने उद्देश्यले निर्णय गरिएको जानकारी दिए।

प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक धर्मराज भण्डारीले प्रभावित प्रहरी परिवारका अन्य सदस्यको जीविकोपार्जन तथा पुनःस्थापनाका लागि आवश्यकता र क्षमता पहिचान गरी सीपमूलक तथा व्यावसायिक तालिम प्रदान गरिने बताए। तालिमपछि रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गर्न आवश्यक व्यवस्था मिलाउने निर्णयसमेत भएको उनले जानकारी दिए।

नेपाल प्रहरीले विपद्का समयमा राष्ट्र र नागरिकको सुरक्षाका लागि अग्रपङ्क्तिमा खटिने प्रहरी कर्मचारी तथा उनीहरूका आश्रित परिवारको कल्याणलाई प्राथमिकतामा राख्दै शिक्षा, रोजगारी, सीप विकास र पुनःस्थापनाका कार्यक्रमलाई प्रभावकारी बनाउँदै लैजाने जनाएको छ । राष्ट्रसेवामा ज्यान गुमाएका तथा विपद्बाट प्रभावित प्रहरी कर्मचारीका परिवारलाई संगठनको तर्फबाट आवश्यक सहयोग र संरक्षण निरन्तर उपलब्ध गराइनेसमेत नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ।

# नवीनमा मन्त्रीसँग विद्यार्थी कार्यक्रम




बुटवल । नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा सामाजिक विकास मन्त्रीसँग विद्यार्थी कार्यक्रम बुधबार विद्यालयमा सम्पन्न भएको छ।

उक्त कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री रामजीप्रसाद घिमिरेले विद्यार्थीहरुले शिक्षासँग सम्बन्धित सोधेका प्रश्नहरुको जवाफ दिँदै देशमा जन्मदर कम भएको, शहरीकरण, बसाइसराइ र तराईमा भइरहेको तीव्र बसाईसराइका कारण पहाडी क्षेत्रका विद्यालय समस्यामा रहेको र विद्यार्थी संख्या बढी भएका विद्यालयहरुलाई भौतिक पूर्वाधार विकास, शिक्षकको क्षमता विकास र नयाँ प्रविधिको प्रयोगमा वृद्धि गर्ने योजना रहेको र सामाजिक विकास मन्त्रालयले आ.व. ०८३/८४ मा ३ अरब ५ करोड बजेट शिक्षामा विनियोजन गरेको धारणा व्यक्त गरे।

कार्यक्रममा विद्यार्थीहरुले मन्त्रीको विद्यार्थी जीवन, लुम्बिनी प्रदेशको एसईई सुधार योजना, प्रदेशको शैक्षिक गुणस्तर अभिवृद्धि योजना, प्राविधिक धारका छात्रा सबैलाई छात्रवृत्ति नदिनुको कारण, धेरै विद्यार्थी भएका विद्यालयको भौतिक पूर्वाधार सुधार र विकासमा मन्त्रालयको धारणा, प्रदेश नमूना विद्यालयलाई खेलकुद प्रशिक्षक र स्टाफ नर्सको प्रावधान निरन्तरता नदिनुको कारणलगायतका विषयमा कक्षा ११ र १२ विज्ञान, व्यवस्थापन, सिभिल इञ्जिनियरिङ, कानुन र शिक्षा समूहमा अध्ययनरत २/२ जना विद्यार्थीहरुले प्रश्न सोधेका थिए।

साथै कार्यक्रममा प्रथम त्रैमासिक परीक्षामा विज्ञान, व्यवस्थापन, सिभिल इञ्जिनियरिङ, कानुन र शिक्षा समूहका उत्कृष्ट जीपीए प्राप्त गर्ने २४ जना विद्यार्थीहरुलाई सामाजिक विकास मन्त्रीले नगद १ हजारदेखि १० हजारसम्म गरी ९० हजार पुरस्कार वितरण गरेका थिए।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय एकाइ रुपन्देहीका एकाइ प्रमुख उपसचिव विष्णुप्रसाद पन्थी, सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीका कार्यालय प्रमुख उपसचिव हरिबहादुर विष्ट, बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्री, विद्यालय व्यवस्थापन समितिका सदस्य हुमकान्त लम्साल, लक्ष्मी नारायण चौधरी, शिक्षक अभिभावक संघका सदस्यहरु गणेशबहादुर कुँवर, ज्योति थापा, जयराम पन्थी, सहायक प्रधानाध्यापक अर्जुन खनाल, सहायक प्रधानाध्यापक तथा शिक्षा समूह इन्चार्ज रोमनाथ घिमिरे, अंग्रेजी विषय विभागीय प्रमुख राजन अधिकारी, गणित विषय संयोजक तुल्सीराम घिमिरेलगायतको सहभागिता रहेको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य अनिलकुमार ठाकुरको अध्यक्षतामा विज्ञान समूह कक्षा ११ कि विद्यार्थी अञ्जना ज्ञवालीको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयको समग्र गतिविधि विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले जानकारी गराएका थिए।

# सल्यानका सात पालिकामा फैलियो स्क्रब टाइफसको संक्रमण

बुटवल । सल्यानमा स्क्रब टाइफसको संक्रमण तीव्र रूपमा फैलिएपछि अध्ययनका लागि विज्ञ टोली जाने भएको छ। सुरुमा दार्मा गाउँपालिकामा सीमित देखिएको संक्रमण अहिले जिल्लाका सात पालिकासम्म पुगेको छ।

स्वास्थ्य कार्यालयले सञ्चालन गरेका शिविरमा मात्रै दुई हजार ४०० भन्दा बढीको परीक्षण गर्दा ४७२ जनामा स्क्रब टाइफस संक्रमण पुष्टि भएको छ। जिल्लामा प्रकोपकै रूपमा संक्रमण फैलिन थालेपछि थप विज्ञसहितको टोली आउन लागेको सल्यानकी प्रमुख जिल्ला अधिकारी बन्दनाकुमारी केसीले बताइन्।

संक्रमणका कारण दार्मा गाउँपालिकामा मात्रै आठ जनाको मृत्यु भइसकेको छ । मृत्यु हुनेमा एक महिला, एक बालक र छ पुरुष छन् । स्वास्थ्यकर्मीका अनुसार मृतकमध्ये अधिकांश दीर्घरोगी र ज्येष्ठ नागरिक छन्।

जिल्लाका धेरै क्षेत्रमा संक्रमण फैलिएपछि रोग नियन्त्रण महाशाखा, टेकुबाट अनुसन्धान टोली सल्यान आउने तयारीमा रहेको प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिइन्।

जिल्लाका विभिन्न स्थानमा संक्रमणको अवस्था, जोखिम क्षेत्र र रोग फैलनुको कारणबारे थप अध्ययन तथा विश्लेषण गर्न टोली परिचालन हुन लागेको छ।'- उनले भनिन्।

संक्रमण अहिले फैलिएर सल्यानका सात पालिकामा पुगेको छ। जसमा दार्मा, कपुरकोट, कुमाख, छत्रेश्वरी, कालीमाटी, बागचौर र बनगाड कुपिण्डे छन् । यी पालिकाहरूमा ज्वरोका बिरामी बढेपछि विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरी किटबाट स्क्रब टाइफस परीक्षण गरिएको हो।

स्वास्थ्य कार्यालय सल्यानका अनुसार दार्मामा ११६, कुमाखमा ६५, बागचौरमा १७५, छत्रेश्वरीमा आठ, कालीमाटीमा दुई, कपुरकोटमा ५३ र बनगाड कुपिण्डेमा सात जनामा संक्रमण पुष्टि भएको छ।

यस्तै, जिल्ला अस्पताल सल्यानमा परीक्षण गरिएका ७८५ जनामध्ये ४६ जनामा संक्रमण पुष्टि भएको छ।

स्वास्थ्यकर्मीहरूले घाँसपात, दाउरा र कृषि कामका क्रममा किर्नोको टोकाइबाट जोगिन शरीर पूरै ढाक्ने कपडा, पञ्जा र घुँडासम्म छोपिने जुत्ता लगाउन आग्रह गर्दै आएका छन्। घर वरिपरिका झाडी तथा बुट्यान सफा राख्नसमेत आग्रह गरिएको छ।

**बुटवलमा ...**

डिजिटल प्रविधिको प्रयोग बढ्दै जाँदा साइबर सुरक्षाको चुनौती र महत्व पनि बढेकाले युवालाई यस क्षेत्रतर्फ आकर्षित गर्न प्रतियोगिता आयोजना गरिएको आयोजक क्लबका अध्यक्ष अधिश ढकालले बताए।

प्रतियोगितामार्फत साइबर सुरक्षाको क्षेत्रमा रुचि राख्ने युवाले आफ्नो ज्ञान र सीप व्यावहारिक रूपमा प्रस्तुत गर्ने अवसर पाउने र वास्तविक साइबर सुरक्षा चुनौती समाधान गर्ने अनुभव प्राप्त गर्ने अध्यक्ष ढकालले जनाए।

युवामा रहेको प्राविधिक क्षमता र सिर्जनशीलतालाई उचित मञ्च उपलब्ध गराई सुरक्षित डिजिटल समाज निर्माणमा युवाको सहभागिता बढाउन यस्ता कार्यक्रमले सरकारलाई समेत टेवा पुग्ने क्लबका सचिव समीर पाण्डेले बताए।

प्रतियोगितामा सातै प्रदेशबाट गरी ३० बढी टिम सहभागी हुने अनुमान रहेको र मंगलबारसम्म २४ टोली दर्ता भइसकेका प्रतियोगिताका टेक्निकल लिड निखिल अर्यालले पत्रकार सम्मेलनमा जानकारी गराएका छन्।

## राहदानी हराएको सूचना

मेरो निम्न विवरण भएको राहदानी यही मिति २०८३।०४।१९ गते गुल्मीबाट बुटवल आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

| | |
|---|---|
| नामः | रुक्मागत न्यौपाने |
| ठेगानाः | अर्बेनी-९, गुल्मी |
| राहदानी नम्बरः | १२५७७४९६ |
| मोबाइल नम्बरः | ९७६६२९५६२४ |

## लुम्बिनी प्रदेश अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका स्थित ग्रीन फरेष्ट रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना।

(प्रकाशित मिति : २०८३/०६/१५)

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) बमोजिम "ग्रीन फरेष्ट रिसोर्ट" को प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रका स्थानीय तह तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसँग अन्तर्क्रिया गर्न सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधानबमोजिम निम्नलिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रम हुने भएकाले प्रस्तावित आयोजनासँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्ना अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाइ हुने मिति, समय र स्थान :**

मिति : २०८३/०६/१६ गते, शुक्रबार

समय : बिहान ११:०० बजे

स्थान : प्रस्तावित आयोजना क्षेत्र (बहराथुम), सन्धिखर्क नगरपालिका-७, अर्घाखाँची

**सम्पर्कका लागि :**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| नाम : ग्रीन फरेष्ट रिसोर्ट प्रा.लि., सन्धिखर्क नगरपालिका-७, अर्घाखाँची जिल्ला, लुम्बिनी प्रदेश<br>सम्पर्क नं. : ९८५७०५६०६४ | नाम : टाइम्स सोलुसन प्रा.लि., तिलोत्तमा-२, रुपन्देही, लुम्बिनी प्रदेश<br>सम्पर्क नं. : ९८६७१८९०५१ |

# कांग्रेसमा वडाबाट नेतृत्वमा उदाए ४४ हजार युवा

बुटवल। नेपालमा राजनीतिक दलहरूको इतिहासमै पहिलोपटक नेपाली कांग्रेसको १५औं महाधिवेशनमार्फत् देशभरी झण्डै ४४ हजार युवा नेतृत्वमा उदाएका छन्।

पार्टीको नयाँ व्यवस्था अनुसार ३५ वर्ष मुनिका झण्डै ४४ हजार युवाले पार्टीको पदीय जिम्मेवारी नै पाएको कांग्रेसको विधान मस्यौदा समितिका सदस्य सचिव प्रताप पौडेलले जानकारी दिए । उनले नेपालका कुनै पार्टीमा एकैपटक यति धेरै युवाले पदीय जिम्मेवारी नै पाएको इतिहासमै पहिलोपटक भएको दाबी समेत गरेका छन्।

नयाँ विधानमा हरेक वडाबाट ३५ वर्षमुनिका एक महिलासहित कम्तीमा ती युवालाई क्षेत्रीय प्रतिनिधि निर्वाचित गराउनु पर्ने व्यवस्था रहेकाले ६ हजार ७४३ वडाबाट कम्तीमा तीन जनाको दरले २० हजार २२९ जना निर्वाचित भएका छन्।

तर, हरेक वडामा क्रियाशील सदस्य संख्याका आधारमा कम्तीमा तीन जनादेखि बढीमा सात जनासम्म निर्वाचित हुन सक्ने व्यवस्था छ। त्यसअनुसार औसतमा ५ जना निर्वाचित हुन्छन् भन्ने मान्दा ३३ हजार ७१५ जना ३५ वर्ष मुनिका युवा क्षेत्रीय प्रतिनिधिका रूपमा निर्वाचित भएका छन्।

त्यसैगरी, हरेक गाउँपालिकाको वडामा एकजना र नगरपालिकाको वडामा दुई जनाका दरले कार्यसमिति सदस्यमा निर्वाचित हुने व्यवस्था छ।

नेपालमा अहिले गाउँपालिकातर्फ ३ हजार २१५ वडा रहेका छन् भने नगरपालिका तर्फ ३ हजार ५२८ वडा रहेका छन्। त्यसैले गाउँपालिकाको वडामा ३ हजार २१५ जना वडा सदस्य निर्वाचित भएका छन् भने नगरपालिका तर्फका वडाहरूमा ३ हजार ५२८ मा दुई जनाको दरले ७ हजार ५६ जना युवा वडा सदस्यमा निर्वाचित भएका छन्।

यसरी कुल क्षेत्रीय प्रतिनिधि ३३ हजार ७१५ जना र वडा सदस्य १० हजार २७१ जना गरी कुल ४३ हजार ९८६ जना युवाले पदीय जिम्मेवारी लिएका छन्।

ती पदमा निर्वाचित हुन कम्तीमा दोब्बर संख्यामा प्रतिस्पर्धीहरू रहेकाले कांग्रेसको अधिवेशनमा झण्डै एक लाख युवाले प्रतिस्पर्धा गरेको नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव अधिवक्ता राजु कटुवालले जनाएका छन्।

**लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, सियारी गाउँपालिकामा कार्यान्वयन गरिने एल.पि.आर.फ्ल्यागसिप होटल आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको लागि प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय प्रभावको**

## क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०६/१५)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : एल.पी.आर. फ्ल्यागसिप प्रा.लि.<br>ठेगाना : दयानगर, सियारी-५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल<br>इमेल : info@lumbinipalace.com<br>वेबसाइट : www.lumbinipalace.com<br>फोन : ९७७-७१-५९७१५६, ९७०५८५५३०१ |
| प्रस्तावको व्यहोरा | कार्यान्वयन हुने स्थान : सियारी गाउँपालिका वडा नं. ५, दयानगर<br>जग्गाको विवरण : सियारी गाउँपालिका वडा नं. ५ स्थित कि.नं. ४४२, ४४३, ४४६, ४४७, ४४८, ४७३, ४९०, ४९१, ६३६, ६३५, ८०९, ८०८, ३२, ३७० र २३७ गरी जम्मा १५७.७८ कठ्ठा (७.८८ बिघा)<br>जग्गाको प्रकार : निजी स्वामित्वमा रहेको जग्गा<br>प्रस्तावबारे सामान्य जानकारी : सियारी गाउँपालिका वडा नं. ५, दयानगरमा आधुनिक सुविधासहितको २४० सयन कक्ष, सभा हल, जिम, बैठक हल, एक्सपेरियन्स हल एण्ड एक्जिविसन सेन्टर, रेस्टुरेण्ट, बार, स्वीमिङ पुलसहितको होटल निर्माण तथा सञ्चालन गर्ने।<br>लगानीको किसिम : निजी |
| प्रभाव पर्ने जिल्ला/न.पा. | रुपन्देही जिल्ला, सियारी गाउँपालिका वडा नं. ५ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, रासायनिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा पर्न सक्ने प्रभाव यकिन गर्न सियारी गाउँपालिका वडा नं. ५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव भएमा सो लिनका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सूचना टाँस भएको निकाय वा वन, वातावरण तथा पर्यटन मन्त्रालय, लुम्बिनी प्रदेशमा वा निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय-सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय-सुझावका लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामःएल.पी.आर. फ्ल्यागसीप प्रा.लि.<br>ठेगानाःदयानगर, सियारी-५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल<br>इमेल : info@lumbinipalace.com<br>वेबसाइट : www.lumbinipalace.com<br>फोन : ९७७-७१-५९७१५६, ९७०५८५५३०१ |
| परामर्शदाताको नाम र ठेगाना : | संस्था : युनिभर्सल इन्जिनियरिग कन्सल्टेन्ट एण्ड बिल्डर्स<br>ठेगाना : तिलोत्तमा-५, मणिग्राम<br>सम्पर्क नं. : ९८६७१८९०५१<br>इमेल : uecb2017@gmail.com |

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## मुठीदानदेखि लाखौंको झरना कपसम्म :

# कुञ्जलापुरले जोगाएको फुटबलको विरासत

टिआर शर्मा

*बुटवल*

बुधबार तिलोत्तमा-६ कुन्जलापुरस्थित उमा आधारभूत विद्यालयको मैदानमा ३८ औं संस्करणको झरना कप रनिङ शिल्ड फुटबल प्रतियोगिता सुरु भयो। खेलमा खेलाडीको खुट्टाले बल पछ्याउँदा त्यसको आवाजसँगै करिब छ दशक पुरानो एउटा कथा पनि मैदानमा दौडिरहेको क्लबका संस्थापकहरुले स्मरण गरे । झरना कप आज यो अवस्थामा सानोतिनो मेहनतले आएको होइन। झरना कपको कथा सुरु भएको थियो–घरघरबाट उठाइएको एक-एक पाथी चामल र १०-१० रुपैयाँबाट।

त्यतिबेला कुन्जलापुरका केही किशोर-युवा साँझबिहान एउटै विद्यालयमा पढ्थे, सँगै फुटबल खेल्थे । खेलप्रतिको लगाव बढ्दै गएपछि उनीहरूले आफ्नो समूहको नाम 'लोफर' राखे। त्यो समूहमा स्व. टेकबहादुर बुढाथोकी, पदमबहादुर थापा, शोभाखर बगाले, लक्ष्मी बस्याल, पूरन केसी, सुशील घिमिरे, टंक सुवेदी, छत्रबहादुर दर्लामीलगायत थिए।

उनीहरू गाउँ र आसपासका प्रतियोगितामा खेल्न जान्थे । नारायणगढ, पाल्पालगायत ठाउँमा फुटबल खेल्न पुग्थे। तर टाढाको यात्रा उनीहरूका लागि सहज थिएन। 'टाढा खेल्न जान गाडी भाडा तिर्ने पैसा थिएन ।त्यसपछि गाउँसँग सहयोग माग्ने निर्णय भयो । हरेक घरबाट एक-एक पाथी चामल र १०-१० रुपैयाँ उठाइयो र त्यही चामल र पैसाको भरमा पाल्पा खेल्न गयौं'-पदमबहादुर थापाले सम्झिए-'झुम्सासम्म बसको छतमा गइयो, त्यहाँबाट पैदल हिँड्दा रात पर्‍यो। आफूले बोकेको चामल पकाएर खाइयो र त्यहीँ बास बसेर भोलिपल्ट पाल्पा पुगियो।'

त्यो प्रतियोगितामा उनीहरू दोस्रो भएका थिए । फर्किने क्रममा बाटोमा देखिएको एउटा झरनाले उनीहरूको मन छोयो। त्यही झरना हेर्दै समूहको नाम पनि परिवर्तन गरी लोफरबाट 'झरना' बनाउने निर्णय भयो।

त्यही नाम आज कुन्जलापुरको खेलकुद इतिहासको पर्याय बनेको छ। संस्थापक सदस्य तथा तत्कालीन खेलाडी पदमबहादुर थापाले २०२७ सालमा वरपरका साथी मिलेर कुन्जलापुरमा खेल सञ्चालन गर्ने उद्देश्यले झरना स्पोर्ट्स क्लब गठन गरिएको सम्झिए।

संस्थापक अध्यक्ष स्व. टेकबहादुर बुढाथोकीको अगुवाइमा क्लबले खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता सुरु गरेको थियो। सुरुआतमा ५ सय रुपैयाँ संकलन गरेर शिल्ड खरिद गरिएको थियो । क्लब गठन गरेर सामूहिक रूपमा काम गर्ने सोच त्यतिबेला सामान्य थिएन। तर कुन्जलापुरका युवाले त्यो असम्भवजस्तो देखिने काम सुरु गरे । २०३९ सालदेखि रनिङ शिल्ड सञ्चालन गर्ने निर्णय भयो । त्यसपछि प्रतियोगिताको खर्च जुटाउन हरेक घरबाट दुई रुपैयाँ उठाउन थालियो। आज लाखौं रुपैयाँको हिसाब हुने प्रतियोगिताको जग त्यही दुई रुपैयाँमा थियो।

**मैदान पनि गाउँलेले बनाए**

फुटबल खेल्न खेलाडी मात्रै भएर पुग्दैनथ्यो। मैदान चाहिन्थ्यो।

कुन्जलापुरमा मैदान निर्माणको काम पनि सहज थिएन। व्यक्तिगत जग्गा भएका व्यक्तिलाई अर्को स्थानमा भोगचलनको जग्गा उपलब्ध गराएर उमा आधारभूत विद्यालय अगाडिको करिब तीन बिघा क्षेत्रमा मैदान बनाइएको थियो।




क्लबका हालका अध्यक्ष धनेन्द्र पौडेलले मैदान निर्माणको त्यो प्रक्रिया सम्झिँदै सुरुमा भोगचलनका आधारमा काम अघि बढेको र पछि नापी तथा गाविसको प्रक्रियाबाट जग्गाको व्यवस्थापन भएको बताए। देउसी-भैलोबाट उठेको पैसा क्लबमा आयो। आमा समूहले संकलन गरेको रकम पनि क्लबका गतिविधिमा प्रयोग हुन थाल्यो। विदेश पुगेका कुन्जलापुरवासीले खेल सामग्री, खेल पोसाक र नगद सहयोग गर्न थाले । कतिपयले प्रतियोगिताका लागि प्रायोजनसमेत गरे।

झरना कपको अर्को विशेषता थियो–आर्थिक सहयोगसँगै श्रमदान।

हरेक घरबाट कम्तीमा एक जना सदस्य प्रतियोगिता सञ्चालनमा स्वयंसेवकका रूपमा खटिन्थे। २०७६ सालसम्म आइपुग्दा एउटा घरले पाँच सय रुपैयाँ अनिवार्य आर्थिक सहयोग गर्ने र खेल सञ्चालन अवधिभर करिब ८० स्वयंसेवक मैदानमा परिचालन हुने गरेको थियो।

'सिंगो गाउँ मिलेको भएर एकताबद्ध ढंगले प्रतियोगिता गर्न सकिएको छ,' क्लबका निवर्तमान अध्यक्ष लोक पुनले भने-'झरना कपको स्थायी प्रायोजक कुनै एक संस्था वा व्यक्ति थिएन। पूरै गाउँ थियो।'

**फुटबलबाट रात्रिकालीन पार्कसम्म**

झरना स्पोर्ट्स क्लबको यात्रा फुटबलमा मात्र सीमित छैन । क्लबले कुन्जलापुरमा करिब तीन बिघा क्षेत्रफलमाकुञ्ज पार्क निर्माण गरेको छ। एक दशकअघिसम्म कुकाठ र खरबारीले भरिएको ठाउँलाई क्लबले पोखरी, डुंगा, बाल उद्यान, वाटर फाउन्टेन, हरियाली र मनोरञ्जनका पूर्वाधारसहितको पर्यटकीय स्थानका रूपमा विकास गर्‍यो।

पार्क निर्माणमा क्लबले लाखौं रुपैयाँ लगानी गरेको थियो । स्थानीय सरकारले पनि पछि लगानी गरेको छ। लामो समयको मेहनत र लगानीपछि उराठ ठाउँलाई नमुना पार्कमा बदल्न सफल भएको लोक पुन बताउँछन्।

पार्कबाट हुने आम्दानीको उद्देश्य नाफा कमाउनु नभई खेर गएको जग्गालाई सदुपयोग गरेर समुदायलाई लाभ पुर्‍याउनु रहेको क्लबको दावी छ।

यसरी झरना स्पोर्ट्स क्लबको पहिचान विस्तारै फुटबल क्लबबाट सामुदायिक संस्थामाबदलिँदै गयो । खेलकुदसँगै शिक्षा, स्वास्थ्य, रक्तदान, वृक्षरोपण, ज्येष्ठ नागरिक सम्मान तथा सामाजिक क्षेत्रमा क्लब सक्रिय हुँदै गयो। अहिले पनि क्लबको स्वामित्वमा रहेका कुञ्ज पार्क र फाउन्टेन पार्कको व्यवस्थापन तथा विकासका काम अघि बढिरहेका छन्।

क्लबलाई यो चरणमा ल्याइपुर्‍याउने नेतृत्वमध्ये लोक पुनको भूमिका महत्वपूर्ण देखिन्छ । पुन क्लबको अध्यक्ष रहँदा झरना कपलाई निरन्तरता दिनुका साथै क्लबको गतिविधिलाई खेलबाट बाहिर सामाजिक क्षेत्रमा विस्तार गर्ने कामले गति लिएको थियो। कुञ्ज पार्क निर्माण पनि त्यही कालखण्डको महत्वपूर्ण उपलब्धि हो।

अहिले जिल्ला फुटबल संघ रुपन्देहीका अध्यक्ष तथा तिलोत्तमा खेलकुद विकास समितिका संयोजकसमेत रहेका पुनले झरनाको यात्रा फुटबलबाट सुरु भएर सामाजिक कामसम्म पुगेको बताउँछन्। वर्तमान अध्यक्ष धनेन्द्र पौडेल झरना क्लब र झरना रनिङ शिल्ड सबैको हो भन्छन्। 'संस्थापक पुस्ताले जग बसाल्यो,लोक पुनलगायत नेतृत्वले विस्तार गरे,' पौडेल भन्छन्-'अहिले त्यो विरासत मेरो कांधमा आएको छ, क्लबले आर्थिक कोष स्थापना गर्न सफल भएको र त्यसमा सबैको सहयोग रहेकाले प्रतियोगितालाई निरन्तरता दिन र पुरस्कार राशी बढाउँदै अहिले प्रथम पुरस्कार चार लाख र उपविजेता लाई दुई लाख रुपैयाँ बनाउन सफल भएका छौं।' अहिले ३८औं झरना रनिङ शिल्डमा करिब २८ लाख रुपैयाँ खर्च हुने अनुमान छ । उनका अनुसार स्थानीय बासिन्दा, खेलप्रेमी तथा उद्योगी-व्यवसायीको साथ र सहयोगकै कारण झरना रनिङ शिल्डले निरन्तरता पाउँदै आएको छ। प्रतियोगिता अब फुटबल खेलाउने कार्यक्रम मात्र नभई स्थानीयस्तरमा खेलाडी उत्पादन, खेलकुद विकास र युवालाई खेलतर्फ आकर्षित गर्ने माध्यम बनेको उनको भनाइ छ।

पौडेलको वर्तमान नेतृत्वमा क्लबले पुरानो सामुदायिक चरित्रलाई कायम राख्दै प्रतियोगिताको आकार र स्तर बढाउने प्रयास गरिरहेको छ।

## उद्घाटन खेलमा चरंगे युवा क्लब विजयी

तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा कुञ्जलापुरमा ३८औं झरना रनिङ शिल्ड नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ । तिलोत्तमा-६, कुञ्जलापुरस्थित उमा आधारभूत विद्यालयको खेलमैदानमा भएको उद्घाटन खेलमा देवदहको चरंगे युवा क्लबले लिस्नु युवा क्लबलाई ३-२ गोल अन्तरले पराजित गरेको हो।

चरंगेको जितमा खेलको पहिलो हाफको १५औं मिनेटमा अविनाश स्याङत्यानले तथा दोस्रो हाफको अन्तिम समयमा सुदीप श्रीसले एक मिनेटको अन्तरालमा लगातार दुईगोल गरेका थिए।

लिस्नु युवा क्लबका तर्फबाट पहिलो हाफको ३६औं मिनेटमा रोशन पहारीले र दोस्रो हाफको इन्जुरी समयमा शुसिल राईले गोल गरेका थिए। पहिलो हाफमा केही समय तनावपूर्ण बनेको खेलमा दुबै टिमका एक एक जना खेलाडीले रातो कार्ड पाएका थिए।

खेलमा चरंगे युवा क्लबका सुदीप श्रीस म्यान अफ द म्याच घोषित भए। असोज १५ गते बिहीबार गोर्खा ब्वायज बुटवल र देवदह ब्वायज देवदहबिच खेल हुने आयोजक क्लबका मोहनसिंह रानाले जानकारी दिए। असोज २५ गते फाइनल हुने प्रतियोगितामा १२ टिमको सहभागिता रहेको छ।। प्रतियोगिताको विजेताले ४ लाख रुपैयाँ तथा उपविजेताले २ लाख रुपैयाँ नगद पुरस्कार पाउनेछन्। विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताको एक कार्यक्रमबिच तिलोत्तमा वडा नम्बर ६ का वडाध्यक्ष गणेश पाठकले उद्घाटन गरेका थिए। सो अवसरमा क्लबका अध्यक्ष धनेन्द्र पौडेल, पूर्वअध्यक्ष लोक पुन लगायतले प्रतियोगिता सफल बनाउन सबैको साथ र सहयोगको अपेक्षा गरेका थिए।

# २६ दिनदेखि आइसीयूमा बेवारिसे बिरामी



दाङ। बाँकेको कोहलपुर घर भएका ४१ वर्षीय प्रकाश चौधरी २६ दिनदेखि दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको आइसीयूमा उपचाररत छन्। तर उनको उपचारमा परिवारका कोही पनि आफन्त आएका छैनन् । परिवारजन तथा आफन्तको सम्पर्कबिनै प्रतिष्ठानले आईसीयूमा राखेर उपचार सेवा निरन्तर दिइरहेको प्रतिष्ठानका अस्पताल निर्देशक सहप्राध्यापक डा. सुरेश रसाइलीले जानकारी दिए।

चौधरीको उपचारका क्रममा हालसम्म ल्याब चेकजांच, बेड र औषधि गरी कुल २ लाख ६ हजार ९ सय ९६ रुपैयाँ खर्च भइसकेको डा. रसाइलीले बताए।

लामो समयदेखि आइसीयूमा उपचाररत चौधरीका परिवारजन तथा आफन्त हालसम्म अस्पतालको सम्पर्कमा नआउँदा अस्पताललाई समस्या परेकाले सम्पर्कमा आइदिन डा. रसाइलीले आग्रह गरे । 'परिवारजनको उपस्थिति नभए पनि अस्पतालले मानवीय दायित्वअन्तर्गत उपचारलाई निरन्तरता दिइरहेको छ, तर यसरी सधैं त सम्भव हुँदैन परिवारजन वा आफन्तजन सम्पर्कमा आइदिनु हुन अनुरोध छ।'-रसाइलीले भने।

त्यस्तै, लमहीका ३१ वर्षीय सन्तोष क्षेत्री पनि ६ दिनदेखि प्रतिष्ठानको इमरजेन्सीमा बेवारिसे अवस्थामा उपचाररत रहेका र उपचारमा हालसम्म करिब ७० हजार रुपैयाँ खर्च भएकाले उनको परिवारजनलाई पनि अस्पतालको सम्पर्कमा आइदिन आग्रह गरेका छन् । लामो समयदेखि परिवारको सम्पर्कबाहिर रहेका बिरामीको उपचारमा निरन्तर खर्च भइरहेको र उपचार तथा व्यवस्थापनका लागि परिवारजनको समन्वय आवश्यक रहेको डा. रसाइलीले बताए।

दुवै बिरामीका परिवारजन वा आफन्तबारे जानकारी हुने व्यक्तिले प्रतिष्ठानसँग सम्पर्क गरी उनीहरूको परिवारसम्म सूचना पुर्‍याउन सहयोग गरिदिनसमेत अस्पतालले आग्रह गरेको छ।

## मदन भण्डारी कप अन्तर्राष्ट्रिय भलिबल :

# पुलिसको लगातार दोस्रो जित, मणिमुकुन्द र सभापोखरीको पहिलो जित

बुटवल । बुटवलमा जारी मदन भण्डारी कप अन्तर्राष्ट्रिय आमन्त्रित रनिङ्ग शिल्ड पुरुष भलिबल प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लबले लगातार दोस्रो जित निकालेको छ।

बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमको मैदानमा बुधबार भएको खेलमा पुलिसले खैरा भलिबल क्लब पन्जाबलाई ३-१ को सेटमा पराजित गरेको हो। पुलिसले खैरामाथि २६-२४, २६-२४, २०-२५, २५-१९ को नतिजा निकालेको हो । समूह ए मा लगातार दोस्रो जितसँगै पुलिसको सेमिफाइनल पुग्ने सम्भावना बलियो बनेको छ।



यसै समूहको अर्को खेलमा मणिमुकुन्द भलिबल क्लबले श्रीलंका पुलिस क्लबलाई ३-० को सेटमा हराएको छ । मणिमुकुन्दले श्रीलंका पुलिसमाथि २५-१९, २५-२०, २५-१६ को जित निकालेको हो। मणिमुकुन्द भलिबल क्लबको यो पहिलो जित हो भने श्रीलंकाको यो लगातार दोस्रो हार हो। समूहको पहिलो खेलमा श्रीलंकन टोली नेपाल पुलिस क्लबसँग ३-० को सेटमा पराजित भएको थियो । यस्तै समूह बी अन्तर्गत बुधबार भएको खेलमा सभापोखरी भलिबल क्लबले भारतको गुजरात स्पोर्टिङ क्लबलाई ३-० को सोझो सेटमा हराएको छ । भारतीय खेलाडीकै बर्चस्व रहेको सभापोखरी क्लबले गुजरातमाथि २५-१८, २५-१३, २५-२१ को जित निकालेको हो।

सभापोखरीको पनि यो पहिलो जित हो। मदन भण्डारी स्पोर्टस् एकेडेमीले आयोजना गरेको प्रतियोगितामा विदेशका तीन र नेपालको चार गरी सात टोलीको सहभागिता रहेको छ । असोज १७ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रनिङ्ग शिल्डसहित सात लाख रुपैयाँ र उपविजेताले तीन लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ।

यस्तै तेस्रो हुनेले एक लाख ७५ हजार रुपैयाँ तथा सान्त्वना हुनेले ७५ हजार रुपैयाँ, कप, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई १५ हजार रुपैयाँ, ब्यक्तिगत विधातर्फ उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, ब्लकर, डिफेन्डर र उत्कृष्ट प्रशिक्षकलाई जनही आठ हजार रुपैयाँसहित सम्मान गरिने आयोजकले जनाएको छ।




## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा

डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधै हामीलाई सम्झनुहोस !

आइडिया डिजाइनर्स/ अफसेट प्रेस

सम्पर्क:

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदुर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.

९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com